## शहिदनगर नगरपालिका

# स्थानीय राजपत्र

खण्ड-५ संख्याः-५ मितिः-२०८०/०२/१६

भाग २

## शहीदनगर नगरपालिकाको
## भिडियो एक्स-रे सेवा संचालन सम्बन्धि कार्यबिधि २०७९

कार्यपालिका पालिकाबाट स्वीकृत मिति :- २०७९/०२/२६

**प्रस्ताबना :**

गुणस्तरीय स्वास्थ्य सेवा छिटो छरितो र मितब्ययी रुपमा प्राप्त गर्ने नागरीकको अधिकारको संरक्षण गर्न, अर्थिक जोखिम न्युनिकरण गर्न , स्वास्थ्य सेवामा नागरीकको सहज पहुँच अभिवृद्धी गर्न साथै मातृ तथा नवजात शिशुको स्वास्थ्य अवस्थालाई विशेष ध्यानमा राखी गर्भवत्ति महिलाहरुको समयमै जटिलता पत्ता लगाउन भिडियो एक्स-रे सेवा संचालन गर्न वान्छनिय देखिएकाले स्थानिय सरकार संचालन ऐन को दफा ११ ले दिएको अधिकार प्रयोग गरी यो कार्यविधि जारी गरिएको छ ।

## परिच्छेद १

*प्रारम्भिक*

१. संक्षिप्त नाम र प्रारम्भ :

(१) यस कार्यविधिको नाम भिडियो एक्स-रे सेवा संचालन सम्बन्धि कार्यविधि २०७९ रहेको छ ।

(२) यो कार्यविधि कार्यपालिका बाट स्विकृत भएको मिति देखि लागु हुने छ ।

२. परिभाषा :

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा

(१) समिति भन्नाले दफा ४ बमोजिम गठित समिति बुझनु पर्छ ।

(२) राजस्व भन्नाले दफा ६ बमोजिम संकलित रकम तथा दस्तुर सम्झनु पर्छ ।

(३) भिडियो एक्स-रे सेवा( Ultrasound service) संचालन भन्नाले कार्यालयको समयमा प्राथमिक स्वास्थ्य केन्द्र यदुकुहा तथा अन्य स्वास्थ्य संस्थाहरुमा भिडियो एक्स-रे संचालन सम्बन्धि तालिम प्राप्त चिकित्सक एवं स्वास्थ्यकर्मी ( नर्सिङ्ग कर्मचारी मात्र SN /S.ANM , ANM ) हरुले ओ .पि.डी समयमा गर्भवति महिलाहरुलाई मात्र प्राथमिक स्वास्थ्य केन्द्रको हकमा दैनिक कार्यालयको समयमा र बाहेक ८ वटा स्वास्थ्य संस्थामा सम्बन्धित संस्था प्रमुख संगको समन्व्यमा ३/३ महिनामा भिडियो एक्स-रे सम्बन्धी दिइने स्वास्थ्य सेवा सम्झिनु पर्छ ।

(४) सेवा सुविधा भन्नाले दफा दफा ६ को उपदफा १ मा व्यवस्था भएक बमोजिम सम्झिनु पर्छ ।





## परिच्छेद २

भिडियो एक्स-रे सेवा संचालन गर्ने प्रकृया

(१) यो कार्यक्रम यस नगर कार्यपालिकाको निर्देशनमा स्थानिय सरकार संचालन ऐन बमोजिम लागु हुने छन ।

(२) सेवा शुल्क सम्बन्धमा यस कार्याविधिमा व्यवस्था भए बमोजिम हुनेछ ।

(३) दररेटको लिष्ट तयार गरी सेवाग्राहीले स्पष्ट बुझ्ने सेवा उपयोग गरे बापत बुझाउनु पर्ने शुल्क लगायतका विषय देखिने स्थानमा सेवा प्रदायक स्वास्थ्य संस्थामा राख्नु पर्नेछ ।

४. भिडियो एक्स-रे संचालन तथा व्यवस्थापन समितिको गठन : कार्यक्रमको काम कार्वाहीलाई नियमित र व्यवस्थित गर्नको लागी देहायको एक कार्यक्रम संचालन समित गठन गरिने छ ।

१) स्वास्थ्य शाखा प्रमुख - अध्यक्ष

२) प्रा.स्वा.केन्द्रको स्वा.संस्था व्यवस्थापन समिति मध्ये बाट १ जना महिला सदस्य सहीत २ जना - सदस्य

३) नर्सिङ्ग फाँट हेर्ने PHC को कर्मचारीहरु मध्ये २ जना सहीत अन्य बाँकी वडा बाट अध्यक्षले मनोनित गरेको थप ३ जना नर्सिङ्ग कर्मचारी गरी जम्मा ५ जना - सदस्य

४) नगरपालिकाको लेखा शाखा प्रमुख - सदस्य

५) प्राथमिक स्वास्थ्य केन्द्र यदुकुहाको मे.अ.(प्रमुख) - सदस्य सचिव

( मे.अ. पद रिक्त रहेको अवस्थामा प्रा.स्वा.का को निमितको जिम्मेवारीमा रहेका कर्मचारी यस समितिको सदस्य सचिवको जिम्मेवारीमा काम गर्ने छन । )



CamScanner

५. **समितिको काम कर्तब्य र अधिकार :**

समितिको काम कर्तब्य र अधिकार देहाय बमोजिम हुने छन ।

क) गुणस्तरीय भिडियो एक्स-रे सेवाको ब्यवस्थापन गर्ने गराउने ।

ख) कोषको स्थापना तथा ब्यवस्थापन गर्ने ।

ग) सेवा प्रदायक जनशक्तिको काम कार्वाहीको अनुगमन , नियमन र मुल्याङ्कन गर्ने ।

घ) सेवाग्राहीको सुझाव , उजुरी , गुनासो सुनुवाई तथा सुरक्षा र समस्या समाधानको लागी अवश्यक कार्य गर्ने ।

ङ) समितिको बैठक त्रैमासिक रुपमा बस्ने छ र समितिले कुनै ठोस निर्णय गर्दा सोको अनुमोदन नगर कार्यपालिकाको बैठक बाट गर्नु पर्ने छ ।

६. **राजस्व तथा दस्तुर :**

भिडियो एक्स-रे सेवा दिए वापत सेवाग्राहीहरु संग रु ४००।०० ( अक्षरेपी चार सय रुपैया मात्र )दस्तुर वापतको रकम अनिवार्य लिनुपर्ने हुन्छ । संकलन भएको सम्पुर्ण रकम यस पालिकाको राजस्व जम्मा हुने खातामा प्राथमिक स्वास्थ्य केन्द्रले जम्मा गर्नु पर्ने हुन्छ ।

७. **सेवा सुबिधा**

- प्राथमिक स्वास्थ्य केन्द्रमा सेवा संचालन गरेको खण्डमा प्रत्येक सेवा ग्राहीलाई USG गर्ने नर्स वा चिकित्सकको रु ६०।०० अक्षरेपी साठ्ठी रुपैया र सहायक कर्मचारी (नर्सिङ ) लाई रु ४० रुपैया तथा बाँकी ८ वटा





स्वास्थ्य संस्थामा गई सेवा संचालन गरे बापत नियमानुसार दैनिक यातायात खर्च सहीत उपरोक्त उल्लेखित सुविधा पाउनेछन ।

- USG गर्ने चिकित्सक / नर्स र १ जना सहायक कर्मचारी लाई वार्षिक १/१ वटा ब्याग (प्रति ब्याग रु १५००।- सम्मको )
- USG गर्ने चिकित्सक / नर्स र १ जना सहायक कर्मचारी लाई १/१ वटा रेनकोट (प्रति रेनकोट बढीमा रु ५०००।- सम्मको )

७. **अपेक्षित प्रतिफल**

गर्भ संग सम्वन्धित जटिलताहरु समयमै पहिचान भई व्यवस्थापन हुने र मातृ तथा पेरिनेटल मृत्यु कमहुने ।

८. **अभिलेख तथा प्रतिवेदन**

यस कार्यक्रम अन्तर्गत सम्पन्न क्रियाकलापको रेकर्ड अनुसुचि ८ क र अनुसुचि ८ ख अनुसार प्रतिवेदन भरी अनिवार्य रुपमा सेवा प्रदायक कर्मचारीले प्राथमिक स्वास्थ्य केन्द्र बाट प्रमाणित गराई स्वास्थ्य शाखामा पठाउनपर्ने हुन्छ ।



CamScanner

७. विविध

- यो कार्यविधिको ब्यख्या यस नगर कार्यपालिक को कार्यालयले गर्ने छ ।
- आवश्यकता अनुसार यो कार्यविधि लाई नगर कार्यपालिकाको निर्णयानुसार संशोधन गर्न सकिने छ ।

आज्ञाले
सावन कुमार चौधरी
प्रमुख प्रशासकीय अधिकृत

शहीदनगर नगरपालिका द्धारा प्रकाशित मुल्य रु ५।-